# नेपाल राजपत्र

## भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३३ ) काठमाडौं, भदौ ३० गते २०४० साल (अतिरिक्ताङ्क २७

# शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

श्री ५ महाराजाधिराजबाट स्पेन अधिराज्यको राजकीय भ्रमणमा सवारी होइबक्सनुअगाडि २०४० साल भदौ ३० गते देशवासीका नाममा बक्सेको सन्देश ।

प्यारा देशवासीहरू,

आज हामी हाम्रा बडामहारानीका साथ स्पेनका नरेश हुंआ कार्लोसको निमन्त्रणामा स्पेन अधिराज्यको राजकीय भ्रमण र बाटोमा पर्ने अन्य केही मुलुकहरूको भ्रमणको सिलसिलामा केही दिनका निम्ति म्याड्रिडतर्फ प्रस्थान गर्दैछौं । निकटतम छिमेकी मित्रराष्ट्रहरूसँग सुसम्बन्ध कायम गर्नुको अतिरिक्त विश्वका अन्य राष्ट्रहरूसँग मैत्रीपूर्ण सम्बन्ध विस्तार गर्दै जाने नेपालको नीति अनुरूप हामीले बेलाबेलामा विभिन्न मित्रराष्ट्रहरूको भ्रमण गर्ने गरेका हौं । अन्तर्राष्ट्रिय जगतमा नेपालको चिनारी बढाउँदै हामी नेपालीको शान्ति र समुन्नतिको चाहनालाई पारस्परिक सम्पर्कद्वारा बोध गराउनमा यस किसिमको भ्रमणबाट सहयोग पुग्न जानेछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४०४४

प्राचीन ऐतिहासिक परम्पराको धनी देश स्पेन अधिराज्यको अन्तर्राष्ट्रिय जगतमा एक आफ्नै विशिष्ट स्थान रहिआएको छ । भौगोलिक दृष्टिले स्पेन नेपालबाट धेरै टाढा भए पनि हाम्रा दुई मुलुकबीच केही कुरामा समानता पाइन्छ । यूरोप र अफ्रिकाको दोसाँधमा रहेको स्पेन नेपाल अधिराज्य जस्तै विविध साँस्कृतिक रीतिरिवाजको थलोको रूपमा रहेको छ । यस भ्रमणले हाम्रा दुई अधिराज्यबीचको सम्बन्धलाई सुदृढ पार्दै हाम्रा आपसी सहयोग बढ़ाउनमा मद्दत पुऱ्याउनेछ भन्ने कुरामा हामीले आशा राखेका छौं ।

हाम्रो अनुपस्थितिमा हामीबाट गरिबक्सने कार्यको लागि हाम्रा भाइ श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीर विक्रम शाहको अध्यक्षतामा एक राजप्रतिनिधि परिषद् गठन गरिबक्सेका छौं । मुलुकको दैनिक काम मन्त्रिपरिषद्ले गर्ने नै छ । आशा छ सधैं झैं समस्त देशबासीहरूले नेपाल र नेपालीको हितलाई सोची देशमा शान्ति र सुव्यवस्था कायम राख्नमा आ-आफ्ना क्षेत्रबाट सहयोग गर्नेछन् ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् ।

जय नेपाल ।

हुकुम बक्से बमोजिम,

रञ्जनराज खनाल

श्री ५ महाराजाधिराजका प्रमुख सचिव

---

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४०६